अनुसूची - २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

**भीरकोट राजपत्र**

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड १ संख्या ४ मितिः २०७५/०४/१८

**भाग-२**

**भीरकोट नगरपालिका**

## "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/०४/१८

स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी भीरकोट नगरकार्यापालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

भीरकोट नगरपालिका

**(१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुनेः** (१) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजत पत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**(२) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्थाः** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची–१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजत पत्रको लागि यस भीरकोट नगरपालिका कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची–५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजत पत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजत पत्र कार्यपालिकाको निर्णय वमोजिम नगरपालिका प्रमूख प्रशासकीय अधिकृतले इजाजत पत्र बापत अनुसूची –२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची –३ बमोजिमको ढाँचामा इजाजत पत्र प्रदान गर्नेछ ।

**(३) इजाजत पत्रको अवधि र नवीकरणः** (१) दफा २ बमोजिम प्रदान गरिएको इजाजत पत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित नगरपालिकावाट अनुसूची–२ वमोजिमको दस्तुर तिरी नविकरण



भीरकोट नगरपालिका

गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची–४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची–४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजत पत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची–२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र नवीकरण गरी दिनेछ ।

**४) इजाजत पत्रको खारेजीः** (१) देहायको अवस्थामा नगरकार्यपालिकाको निर्णय अनुसार कुनै निर्माण व्यवसायीको इजाजत पत्र खारेज गर्न सक्नेछः

(क) झुठ्ठा विवरण पेश गरी इजाजत पत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजत पत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजत पत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजत पत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ।

**५) इजाजत पत्रको प्रतिलिपी दिने व्यवस्थाः (१)**कुनै निर्माण व्यवसायीले इजाजत पत्र हराए वा नासिएको कारणबाट इजाजत पत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची–२ बमोजिमको दस्तुर लिई इजाजत पत्रको प्रतिलिपी दिनु पर्नेछ ।

भीमदत्त नगरपालिका

**६) प्रचलित कानून बमोजिम हुनेः** (१) यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**७) बचाउः** (१) यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतप त्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

भीरकोट नगरपालिका

**अनुसूची-१**

**कार्यविधि को दफा २ को उपदफा (१) सँग सम्बन्धित**

**ईजाजत पत्रको लागि दिईने दरखास्त**

दरखास्तवालाको फोटो

विषयः ईजाजत पत्र पाउँ भन्ने बारे ।

श्री भीरकोट नगरकार्यपालिकाको कार्यालय,
बयरघारी, स्याङ्जा ।

यस भीरकोट नगरपालिकाको कार्यालयको कार्यविधि २०७६ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि ईजाजत पत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीकोः-**

नामः-

ठेगानाः- पोष्ट बक्सः-

टेलिफोनः- फ्याक्स नः- ईमेलः-

**२. फर्म वा कम्पनीको प्रकृति**

☐ प्राईभेट लिमिटेड कम्पनी ☐ पव्लिक लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

(कोष्ठकमा रेजा लगाउनु पर्नेछ)

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिकोः-**

नामः-

ठेगानाः- पोष्ट बक्सः-

टेलिफोनः- फ्याक्स नः- ईमेलः-

**४. फर्म वा कम्पनीको विवरणः-**

दर्ता नं.:- दर्ता मितिः-

अधिकृत पूँजीः- जारी पूँजीः-

दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः-

**५. इजाजत पत्र लिन चाहेको वर्गः-** (घ) वर्ग

**६. समूहीकरण हुन चाहेको समूहः-**

**७. आर्थिक श्रोतको विवरणः-**

| | रकम | वित्तीय संस्था / बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**८. कामदारको विवरणः-**

क) प्राविधिकः-

ख) अप्राविधिकः-

ग) अन्यः-

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्नेछ ।

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धीस सवारी साधन मेशिनरी औजारको विवरणः-**

| सि.न. | नामथर तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्यः यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालू हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्नेछ ।

**१०. यस अघि सम्पन्न गरेको कामको विवरणः-**

| सि.न. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था/ प्रगति(प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**११. करचुक्ता गरेको प्रमाण कागजातः-**

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायिको छाप

दरखास्तवालाकोः-

दस्तखतः-

मितिः-

द्रष्टव्यः- यस दरखास्त फारम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयको माग गरेको वखत सक्कल कागजात पेश गर्नुपर्नेछ ।

भीरकोट नगरपालिका

**अनुसूची-२**

**कार्यविधि को दफा २ को उपदफा(१) र दफा ३ को उपदफा(३) सँग सम्बन्धित**

| क.स. | निर्माण व्यवसायीको वर्ग | ईजाजत पत्र दर्ता दस्तुर | ईजाजत पत्र नविकरण दस्तुर | ईजाजत पत्र नविकरण थप दस्तुर | ईजाजत पत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु १०,०००.०० | रु ६,०००.०० | रु २,०००.०० | रु १५००.०० |

द्रष्टव्यः घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७६ को दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजत पत्र नवीकरण गराउँदा ईजाजत पत्र नवीकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

भीरकोट नगरपालिका

**अनुसूची-३**

**कार्यविधि को दफा २ को उपदफा(१) र ३ को उपदफा (३) सँग सम्बन्धित**

इजाजतपत्र

ईजाजत पत्र नं. ..................... मितिः- ........................

भीरकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बयरघारी, स्याङ्जा ।

घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि २०७६ को दफा २ को उपदफा(४) बमोजिम निर्माण व्यवसाय गर्न ....... ...... नगरपालिका/गाँउ विकास समिति..........वडा नं......... स्थित कार्यालय भएको .......................... फर्म वा कम्पनीलाई ईजाजत पत्र प्रदान गरिएको छ ।

ईजाजत पत्र दिनेकोः-

दस्तखतः-

नामः-

पदः-

मितिः-

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने) कार्यालयः-

नविकरणः

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर भौचर नु. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

भीरकोट नगरपालिका

## अनुसूची -४

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण(पासवुक)

| क्र.स. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयूक्त उपक्रमको नाम(यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयवधि थप विवरण(यदि भएमा) | Variation को विवरण(यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क. ठेक्का रकम | क. नामः | क. थप समयः | क. Variation पछिको Contract Amount | क. सम्पन्न रकमः | क. अन्तिम ठेक्का रकमः | |
| | | | | | ख. सम्झौता मितिः | ख. पदः | क. नामः | क. Variation को निर्णय गर्ने पदाधिकारी को नामः | ख. सम्पन्न मितिः | ख. सम्पन्न मितिः | |
| | | | | | ग. ठेक्का अवधि | ग. हस्ताक्षरः | ख. पदः | ख. पदः | ग. सम्पन्न % | | |
| | | | | | | घ. छाप | ग. हस्ताक्षरः | ग. हस्ताक्षरः | | | |
| | | | | | | | घ. निर्णय मितिः | घ. छाप | घ. नामः | क. नामः | |
| | | | | | | | छाप | | पदः | ख. पदः | |
| | | | | | | | | | हस्ताक्षरः | ग. हस्ताक्षरः | |
| | | | | | | | | | छाप | घ. छाप | |

आज्ञाले,

नामः धर्म राज ढुंगाना

प्रमुख प्रशासकिय अधिकृत